नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ | अंक २८९ | २०८३ साल असोज ०९ गते शुक्रबार | Friday 25, September 2026 | सूर्योदयः बिहान ०५:४४ बजे | सूर्यास्तः साँझ ०५:५० बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

## आधा किलोभन्दा बढी सुनसहित दुई पक्राउ

**मधेशदृष्टि**
**काठमाडौँ।**
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आधा किलोभन्दा बढी सुनसहित दुई जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा बाराको पचरौता नगरपालिका–१ पिपरपातीका ३३ वर्षीय अनिस अन्सारी पनि रहेका छन्।

कतारको दोहाबाट काठमाडौं आएका अन्सारीको साथबाट प्रहरीले ६९.६ ग्राम सुन बरामद गरेको जनाएको छ । त्यस्तै, भारतीय नागरिक ४२ वर्षीय मोहम्मद चेरा थोडीलाई विमानस्थलको पार्किङ एरियाबाट पक्राउ गरिएको छ। उनको साथबाट ५३६ ग्राम सुन बरामद भएको प्रहरीले जनाएको छ।

दुवै जनालाई बरामद सुनसहित थप अनुसन्धानका लागि प्रहरी वृत्त गौशाला पठाइएको विमानस्थल सुरक्षा प्रहरी कार्यालयले जनाएको छ।

# भारी वर्षाको जोखिमसँगै मधेशका आठवटै जिल्लामा सुरक्षा संयन्त्र उच्च सतर्क



**मधेशदृष्टि**
**जनकपुरधाम।**
भारी वर्षासँगै बाढी र डुबानको जोखिम बढेपछि मधेश प्रदेशका आठवटै जिल्लामा सुरक्षा संयन्त्रलाई उच्च सतर्कतामा राखिएको छ। सम्भावित विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनालाई आवश्यक उद्धार तथा राहतका लागि तयारी अवस्थामा राखिएको हो । मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीका अनुसार प्रदेशका सबै सुरक्षा संयन्त्रलाई विपद् व्यवस्थापनका लागि 'स्ट्यान्डबाइ' अवस्थामा राखिएको छ । आठवटै जिल्ला प्रहरी कार्यालयका प्रमुखलाई सम्भावित जोखिमयुक्त क्षेत्र पहिचान गरी आवश्यक सुरक्षा सतर्कता अपनाउन निर्देशन दिइएको उनले बताए।

जोखिम तथा अति जोखिमयुक्त क्षेत्र पहिचान गरी स्थानीय प्रशासन र सम्बन्धित निकायसँग समन्वय गरेर सुरक्षाकर्मी परिचालन गरिएको अधिकारीले बताए। सम्भावित बाढी, डुबान तथा अन्य विपद्का बेला तत्काल उद्धारमा खटिन सक्ने गरी जनशक्ति र आवश्यक स्रोतसाधन तयारी अवस्थामा राखिएको उनले जानकारी दिए । राजमार्गमा निर्माणाधीन पुल, सडक तथा अन्य जोखिमयुक्त संरचनामा आकस्मिक बाढी आउन सक्ने सम्भावनालाई मध्यनजर गर्दै निगरानी बढाउनसमेत निर्देशन दिइएको छ । प्रदेश विपद् व्यवस्थापन गुल्म वीरगञ्ज र जनकपुरधामलाई समेत उद्धार तथा विपद् प्रतिकार्यका लागि तयारी अवस्थामा राखिएको प्रदेश प्रहरीले जनाएको छ।

यसैबीच, मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको अध्यक्षतामा बसेको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकले पनि सुरक्षा निकायलाई उच्च सतर्कतासहित परिचालन हुन निर्देशन दिएको छ। बैठकले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबीच प्रभावकारी समन्वय कायम गर्दै सम्भावित विपद्को क्षति न्यूनीकरण तथा उद्धार कार्यलाई चुस्त बनाउन जोड दिएको छ।

- **रौतहटदेखि सप्तरीसम्म जोखिम**

मधेशका सबै जिल्लामा बाढी तथा डुबानको जोखिम रहे पनि नदी तथा खोलाको बहाव र विगतमा भएका क्षतिका आधारमा केही क्षेत्र बढी संवेदनशील मानिन्छन्। रौतहटमा बागमती र लालबकैया नदीको बाढीका कारण सदरमुकाम गौरसहित राजदेवी, ईशनाथ, राजपुर, बौधीमाई, गढीमाई र मौलापुरका तटीय बस्ती प्रभावित हुने गरेका छन्।

धनुषामा कमला, जलाद र औरही नदीको बहाव बढ्दा गणेशमान चारनाथ, सबैला, शहीदनगर, कमला र विदेह नगरपालिकाका विभिन्न क्षेत्र जोखिममा पर्न सक्छन् । जनकपुरधाम उपमहानगरपालिकामा भने नदीजन्य बाढीभन्दा प्रभावकारी ढल तथा निकासको अभावका कारण वर्षातमा सहरी डुबानको समस्या दोहोरिने गरेको छ। सिरहामा कमला, बलान तथा स्थानीय खहरे खोलाका कारण सिरहा नगरपालिका, कल्याणपुर, कर्जन्हा, मिर्चैया र भगवानपुर क्षेत्र जोखिममा पर्ने गरेका छन् । सप्तरीमा सप्तकोशीसँगै खाँडो, महुली, जिता र बलान खोलाको बहाव बढ्दा हनुमाननगर कङ्कालिनी, तिलाठी कोइलाडी, छिन्नमस्ता र राजविराज आसपासका बस्तीमा डुबानको जोखिम रहने गरेको छ।

सर्लाहीमा बागमती, लखनदेई र मनुसमारा नदीको बहाव बढ्दा बरहथवा, बलरा, गोडैता, कौडेना तथा बसबरिया क्षेत्र प्रभावित हुने जोखिम रहन्छ। महोत्तरीमा रातु, मडाहा, बिग्ही र अङ्कुशी नदीको कटान तथा बाढीका कारण जलेश्वर, मटिहानी, बलवा, मनरा सिसवा र एकडारा क्षेत्र संवेदनशील छन्। बारा र पर्सामा भने चुरे क्षेत्रबाट बग्ने खोलामा अचानक आउने बाढी र कटान प्रमुख जोखिमका रूपमा देखिन्छन्। बारामा पसाहा, दुधौरा, बालगंगा र तिलावे नदीमा आउने आकस्मिक बाढीले कलैया तथा जीतपुरसिमरा उपमहानगरपालिकाका तल्लो तटीय क्षेत्रसहित परवानीपुर र देवताल गाउँपालिकाका केही क्षेत्र प्रभावित हुन सक्छन्।

पर्सामा ओरिया नदीको कटान तथा श्रीसिया र तिलावे नदीको बाढीका कारण जगरनाथपुर, धोबिनी, वीरगञ्ज महानगरपालिका र पोखरिया क्षेत्र जोखिममा पर्ने गरेका छन्।

- **चुरे दोहनले थप जटिल बन्दै जोखिम**

सुरक्षा निकायको विश्लेषणअनुसार चुरे क्षेत्रमा भइरहेको दोहन र खोलाको प्राकृतिक बहावमा आएको परिवर्तनले मधेशका केही क्षेत्रमा बाढीको जोखिम थप जटिल बनाएको छ । खोलामा ढुंगा, गिट्टी तथा बालुवा थुप्रिंदा पानीको निकास प्रभावित हुने र छोटो अवधिको भारी वर्षामै लेदोसहितको आकस्मिक बाढी बस्तीमा पस्ने जोखिम रहने

*बाँकी पृष्ठ ३ मा*

# प्रदीप यादव नेकपा एमाले केन्द्रिय कमिटि सदस्यमा मनोनित



**मधेशदृष्टि**
**वीरगंज।**
नेकपा (एमाले) को तेस्रो केन्द्रीय कमिटी बैठकले नेता प्रदीप यादवलाई केन्द्रीय कमिटी सदस्यमा मनोनीत गरेको छ। एमालेको केन्द्रीय कमिटी बैठकबाट यादवलाई पार्टीको केन्द्रीय कमिटी सदस्यको जिम्मेवारी दिइएको हो । मधेश प्रदेशको राजनीतिमा सक्रिय रहँदै आएका यादवलाई केन्द्रीय नेतृत्वमा समेटिएसँगै पार्टीभित्र उनको भूमिकासमेत थप महत्वपूर्ण बनेको छ। वीरगंज तथा पर्सा क्षेत्रको राजनीतिमा लामो समयदेखि सक्रिय यादवले मधेशका विभिन्न राजनीतिक तथा सामाजिक मुद्दामा आफ्नो सक्रियता देखाउँदै आएका छन् । उनलाई केन्द्रीय कमिटीमा मनोनीत गरिनुलाई मधेशबाट पार्टीको केन्द्रीय संरचनामा प्रतिनिधित्व थप बलियो बनाउने कदमका रूपमा हेरिएको छ। केन्द्रीय कमिटी सदस्यको जिम्मेवारी पाएपछि यादवले आगामी दिनमा पार्टी संगठनलाई थप सुदृढ बनाउँदै मधेशमा एमालेको संगठन विस्तार र जनतासँगको सम्बन्धलाई थप प्रभावकारी बनाउने विषयमा भूमिका खेल्ने अपेक्षा गरिएको छ।

एमालेको तेस्रो केन्द्रीय कमिटी बैठकले पार्टीको आगामी राजनीतिक तथा सांगठनिक रणनीतिसहित विभिन्न विषयमा निर्णय गर्दै यादवसहित आवश्यक सदस्यहरूलाई केन्द्रीय जिम्मेवारी दिएको हो। यादवको मनोनयनसँगै पर्सा तथा मधेश प्रदेशको एमाले राजनीतिमा पनि यसको प्रभाव र आगामी भूमिकाबारे चासो बढेको छ।

# गुठी कुटी जग्गा व्यवस्थापनको माग गर्दै जनकपुरधाममा प्रदर्शन गरिने




**मधेशदृष्टि**
**जनकपुरधाम।**
गुठी कुटी घर जग्गा व्यवस्थापन महासंघर्ष समितिले विभिन्न माग राख्दै शुक्रबार जनकपुरधाममा विरोध प्रदर्शन गर्ने भएको छ । समितिका अनुसार गुठी तथा कुटीको जग्गामा लामो समयदेखि बसोबास गर्दै आएका परिवारलाई उठिवास गराउने गरी सरकारले अघि बढाउन लागेको कदमको विरोधमा प्रदर्शन गर्न लागिएको हो।

प्रदर्शनका क्रममा जनकपुरधाममा नगर परिक्रमा गरी जिल्ला प्रशासन कार्यालय धनुषामा पुगेर ज्ञापनपत्र बुझाउने कार्यक्रम तय गरिएको समितिका अध्यक्ष सन्तोष साहले जानकारी दिए । अध्यक्ष साहका अनुसार आफूहरू गुठीको जग्गामा नभई

*बाँकी पृष्ठ ३ मा*

# १२ वर्षीया बालिकालाई अपहरण गरी १० दिनसम्म बलात्कार गरि फरार अन्सारी पक्राउ

### *१८ वर्ष कैद र ६ लाख रुपैयाँ जरिवाना सुनाइएका फरार अन्सारी कलैयाबाट पक्राउ, वीरगंज कारागार चलान।*



**मधेशदृष्टि**
**कलैया।**
१२ वर्षीया बालिकालाई अपहरण गरी करिब १० दिनसम्म बन्धक बनाएर पटक–पटक जबरजस्ती करणी गरेको कसुरमा १८ वर्ष कैद सजाय सुनाइएका फरार प्रतिवादी पक्राउ परेका छन्। पक्राउ पर्नेमा रौतहटको कटहरिया नगरपालिका–७ बगही घर भई हाल बाराको कलैया उपमहानगरपालिका–४ मा डेरा गरी बस्दै आएका २३ वर्षीय अफरोज अन्सारी रहेका छन् । उनलाई प्रहरीले बुधबार कलैया उपमहानगरपालिका–६ स्थित बजार क्षेत्रबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

प्रहरीका अनुसार अन्सारीले २०७८ माघ १० गते १२ वर्षीया बालिकालाई ललाइफकाई तथा डरत्रास देखाई अपहरण गरेका थिए । अपहरणपछि बालिकालाई कलैया उपमहानगरपालिका–४ स्थित मैदामिल पछाडिको झाडीमा लगेर जबरजस्ती करणी गरेको अनुसन्धानबाट खुलेको

*बाँकी पृष्ठ ३ मा*

# मधेशका एफएम र टेलिभिजनका फाइल प्रदेशमै, काठमाडौं धाउनुपर्ने बाध्यता हट्ने



मधेशदृष्टि
जनकपुरधाम।
मधेश प्रदेशमा सञ्चालनमा रहेका एफएम रेडियो तथा टेलिभिजनसँग सम्बन्धित फाइलहरू सूचना तथा प्रसारण विभागले आमसञ्चार प्राधिकरण मधेश प्रदेशलाई हस्तान्तरण गरेको छ । फाइल हस्तान्तरणसँगै अब मधेश प्रदेशमा सञ्चालनमा रहेका रेडियो तथा टेलिभिजनको दर्ता, नवीकरणलगायतका प्रशासनिक कामका लागि काठमाडौं धाउनुपर्ने बाध्यता हट्ने भएको छ।

काठमाडौंस्थित सूचना तथा प्रसारण विभागको कार्यालयमा विभागका महानिर्देशक अनुप दाहालले आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खड्गालाई एफएम रेडियो तथा टेलिभिजनसँग सम्बन्धित फाइल हस्तान्तरण गरेका हुन्। फाइलहरू जनकपुरधाम ल्याइएसँगै प्रदेशभित्र सञ्चालनमा रहेका सञ्चार संस्थाले दर्ता, नवीकरणलगायतका प्रशासनिक सेवा अब प्राधिकरणको जनकपुरधामस्थित कार्यालयबाटै लिन सक्ने भएका छन्। यसबाट सञ्चार संस्था सञ्चालक, पत्रकार तथा सञ्चारकर्मीलाई

*बाँकी पृष्ठ ३ मा*



सम्पादकीय

# हिमाली सुनामीको चेतावनी: अब मौन बस्ने समय छैन

नेपालले पछिल्ला विपद्मा भोगेको क्षति केवल एउटा देशको प्राकृतिक विपत्ति होइन, यो विश्व समुदायका लागि आएको गम्भीर चेतावनी हो । हिमालमा देखिएको संकट अब हिमालमै सीमित छैन । त्यसको कम्पन बस्ती, बजार, सडक, पुल, विद्यालय, खेतबारी हुँदै अर्थतन्त्र र मानिसको भविष्यसम्म पुगिसकेको छ । अब विपद् आयो कि आएन भन्ने होइन, विश्वले अझै कति ठूलो विनाश देखेपछि जलवायु संकटलाई गम्भीरतापूर्वक लिने हो ? केही वर्षअघि संयुक्त राष्ट्रसंघका महासचिवले सगरमाथाको फेदीबाट विश्व समुदायलाई नेपालको हिमाल सहयोगका लागि चिच्याइरहेको चेतावनी दिएका थिए । हिमालमा भइरहेको परिवर्तनले तल बसोबास गर्ने लाखौँ मानिसको जीवन जोखिममा पर्न सक्ने उनको भनाइ थियो । त्यो चेतावनी कुनै राजनीतिक भाषण वा औपचारिक अपिल मात्र थिएन । त्यो विज्ञान, अनुभव र हिमाली भूगोलले दिएको संकेत थियो । तर विश्वको प्रतिक्रिया हेर्दा के हामीले त्यो चेतावनी सुनेका थियौँ, कि सुनेर पनि बेवास्ता गरिरहेका थियौँ ? नेपालको पछिल्लो विपद्को भयावहता आफैँमा उत्तर हो ।

हालसम्म करिब १,४०० मानिसको ज्यान गएको र करिब ६,००० जना अझै बेपत्ता रहेको तथ्यले विपद्को मानवीय मूल्य कति भयावह छ भन्ने देखाउँछ । बेपत्ता हुनेमा विभिन्न ३८ देशका नागरिकसमेत रहेको अनुमान छ । यसको अर्थ यो पीडा नेपालको सीमाभित्र मात्र सीमित छैन । एउटा हिमाली देशले भोगेको विपत्तिको प्रभाव अन्तर्राष्ट्रिय समुदायका नागरिकसम्म पुगेको छ । अझ ठूलो कुरा, घर, खेतबारी, सडक, पुल, विद्यालय, उद्योग र वर्षौँको मेहनतबाट निर्माण भएका पूर्वाधार क्षतिग्रस्त हुँदा विपत्तिले वर्तमान मात्र होइन, भविष्यसमेत खोसिरहेको छ । विडम्बना अझ गम्भीर छ । विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ०.१ प्रतिशतभन्दा पनि कम छ । देशको करिब ४६ प्रतिशत भूभाग वनले ढाकेको छ । नयाँ बिक्री हुने सवारीसाधनमध्ये ७० प्रतिशतभन्दा बढी विद्युतीय छन् । नेपालको ऊर्जाको ९० प्रतिशतभन्दा बढी हिस्सा जलविद्युत्बाट आउँछ । अर्थात् जलवायु संकट सिर्जना गर्न नेपालको भूमिका नगण्य छ । तर संकटको मार भने असमान रूपमा नेपालले नै खेपिरहेको छ । प्रदूषण अरूले गर्ने, क्षति नेपालले व्यहोर्ने यो कस्तो न्याय हो ? यही प्रश्न आज विश्व समुदायसमक्ष खडा भएको छ ।

जलवायु परिवर्तनको बहस अब वातावरण संरक्षणको सीमित विषय रहेन । यो गरिबी, विकास, अर्थतन्त्र, मानवअधिकार र अस्तित्वसँग जोडिएको विषय बनिसकेको छ । एउटा विपत्तिले कमजोर समुदायलाई फेरि गरिबीमा धकेल्छ । सडक र पुल बग्दा आवागमन रोकिन्छ । विद्यालय भत्किँदा बालबालिकाको भविष्य प्रभावित हुन्छ । खेतबारी नष्ट हुँदा खाद्य सुरक्षामाथि प्रश्न उठ्छ । जलविद्युत् आयोजना क्षतिग्रस्त हुँदा देशको ऊर्जा र अर्थतन्त्रमा असर पर्छ । यसरी प्राकृतिक विपत्तिको एउटा झट्काले विकासका वर्षौँका उपलब्धि केही दिनमै ध्वस्त पार्न सक्छ । प्रारम्भिक मूल्याङ्कनअनुसार पछिल्लो विपत्तिबाट नेपालले ५ अर्ब अमेरिकी डलरभन्दा बढीको क्षति व्यहोरेको छ । यो नेपालको कुल गार्हस्थ्य उत्पादनको करिब १५ प्रतिशत र वार्षिक राष्ट्रिय बजेटको करिब एक तिहाइ बराबर हो । यस्तो क्षतिलाई सामान्य विपद् भनेर पन्छाउन मिल्दैन । यो मानवीय संकटसँगै विकासको संकट हो । त्यसैले अब नेपाललाई केवल राहत होइन, दीर्घकालीन र पूर्वतयारीमा आधारित जलवायु वित्त चाहिएको छ । विपद् आएपछि क्षतिको हिसाब गरेर सहयोग पठाउने परम्परागत शैली पर्याप्त छैन । विपद् आउनुअघि नै जोखिम पहिचान गर्ने, समुदायलाई सुरक्षित बनाउने, पूर्वाधारलाई उत्थानशील बनाउने र आवश्यक वित्तीय स्रोत उपलब्ध गराउने प्रणाली आवश्यक छ ।

अनुकूलनका नाममा हुने प्रतिबद्धता कागजमा मात्र सीमित हुनु हुँदैन । अनुकूलन नेपालजस्ता देशका लागि विकल्प होइन, जीवनरेखा हो । प्रारम्भिक चेतावनी प्रणाली सबै जोखिमयुक्त समुदायको पहुँचमा पुग्नुपर्छ । हिमाली भूगोलअनुकूल प्रविधि विकास गर्नुपर्छ । जलवायु सूचना तथा पूर्वानुमान प्रणालीलाई स्थानीय तहसम्म पु¥याउनुपर्छ । सडक, पुल, जलविद्युत्, बस्ती र अन्य पूर्वाधार निर्माण गर्दा बदलिँदो जलवायु र बढ्दो जोखिमलाई आधार बनाउनुपर्छ । त्यसैगरी, हानी तथा नोक्सानीसम्बन्धी वित्तीय संयन्त्रलाई पर्याप्त स्रोतसहित प्रभावकारी बनाउनुपर्छ । कोष स्थापना गरेर मात्र जिम्मेवारी पूरा हुँदैन । प्रभावित देशले जटिल प्रक्रिया र लामो प्रतीक्षाबीच सहायता खोजिरहनुपर्ने अवस्था अन्त्य हुनुपर्छ । विपद्का बेला तत्काल परिचालन गर्न सकिने, सरल र पहुँचयोग्य वित्तीय संयन्त्र आवश्यक छ । नेपालले उठाएको अर्को महत्वपूर्ण प्रश्न क्षेत्रीय र विश्वव्यापी हो 'हिमालयमा जे हुन्छ, त्यो हिमालयमै सीमित रहँदैन ।' हिमनदी पग्लिनु, हिमताल फुट्नु, हिमपहिरो बढ्नु र नदी प्रणालीमा आउने असामान्य परिवर्तनको असर हिमाली भूभागबाट मैदान हुँदै समुद्रसम्म पुग्न सक्छ । त्यसैले हिमालयको संरक्षण नेपाल वा दक्षिण एसियाको मात्र सरोकार होइन । हिमालय विश्वको जल, पर्यावरण र जलवायु प्रणालीसँग जोडिएको महत्वपूर्ण क्षेत्र हो ।
यही कारण जलवायु न्यायको बहसलाई अझ बलियो बनाउनुपर्छ । जसले संकट सिर्जना गर्न सबैभन्दा कम योगदान गरेको छ, उसैले संकटको सबैभन्दा ठूलो मूल्य चुकाउनुपर्ने अवस्था स्वीकार्य हुन सक्दैन । जलवायु वित्त, प्रविधि हस्तान्तरण, अनुकूलन र हानी–नोक्सानीको जिम्मेवारीलाई व्यवहारमा उतार्नु विश्व समुदायको साझा दायित्व हो । नेपालमा भएको विपत्तिलाई 'हिमाली सुनामी'का रूपमा चित्रित गरिएको छ । यो उपमा आफैँमा भयावह छ । तर त्यसको वास्तविक भय भविष्यमा अझ ठूलो विपत्ति आउन सक्ने सम्भावनामा छ । आजको विनाशलाई सामान्य घटना ठानियो भने भोलिको संकट अझ गम्भीर हुन सक्छ । अब वक्तव्य, प्रतिबद्धता र सम्मेलनका घोषणाले मात्र पुग्दैन । कार्यान्वयन चाहिन्छ । नेपाललाई सहानुभूति मात्र होइन, स्रोत चाहिएको छ । आश्वासन मात्र होइन, पूर्वतयारी चाहिएको छ । विपद्पछि राहत मात्र होइन, विपद्अघि सुरक्षा चाहिएको छ । जलवायु संकटलाई परोपकारको विषय होइन, न्यायको विषयका रूपमा स्वीकार गर्नुपर्छ । हिमाल मौन छैन । नदी मौन छैन । पग्लिरहेका हिमनदी मौन छैनन् । विपद्मा ज्यान गुमाएका परिवारको पीडा पनि मौन छैन । अब मौन बस्ने पालो विश्व समुदायको होइन ।

नेपालले विश्वलाई दिएको सन्देश स्पष्ट छ 'हिमालय बचाउने प्रश्न केवल नेपालको भविष्य बचाउने प्रश्न होइन, यो पृथ्वीको साझा भविष्य बचाउने प्रश्न हो ।' आज निर्णायक कदम चालिएन भने इतिहासले प्रश्न गर्नेछ चेतावनी पर्याप्त स्पष्ट हुँदाहुँदै पनि विश्व किन मौन बस्यो ? अब समय आएको छ प्रतिबद्धताबाट कार्यान्वयनतर्फ, प्रतिक्रियाबाट पूर्वतयारीतर्फ र परोपकारबाट जलवायु न्यायतर्फ निर्णायक रूपमा अघि बढ्ने । किनकि अर्को विपत्ति आउनुअघि विश्वले निर्णय गर्नैपर्छ ।

# जोखिम ठाउँमा पूर्वाधार र बस्ती विकासमा पुनर्विचार

राजेश विद्रोही



काठमाडौं ।
राज्यले विकास गर्दा त्यस्तो ठाउँमा विकास नगरोस् र नागरिकले पनि बसोबास गर्दा त्यस्तो ठाउँमा बसोबास नगरोस्, जुन ठाउँमा देश र जनताको अस्तित्व नै नरहोस् । राज्यले विकास गर्दा विनाशलाई रोक्ने खालको हुनुपर्छ । विनाशलाई बढवा दिने खालको हुनुहुँदैन । नागरिकको जीवन र जीविकोपार्जन तथा दीर्घकालीन भविष्य निर्माणका लागि हुनुपर्छ । केवल निहित स्वार्थ र कमिसन चक्रको लागि हुनुहुँदैन । त्यस्तो खाले अव्यवस्थित विकासले देश र जनताको भविष्य मात्र होइन, अन्ततः विकास गर्नेहरूकै अस्तित्वसमेत जोखिममा पार्छ । विकास अव्यवस्थितलाई व्यवस्थित गर्न र जोखिम घटाउन र हटाउनमा केन्द्रित हुनुपर्छ । तर आजसम्म हाम्रो मुलुकको विकास निर्माण कार्य विनाशमा लगानी भएकोजस्तो छ । कि त नयाँ भत्काएर फेरि नयाँ बनाउनेमै केन्द्रित छ । जो केवल मुलुकको भविष्यको लागि नभएर दुई पैसा कमिसन र भ्रष्टाचारका लागि भइरहेका हुन्छन् । तर यसको असर भने सिङ्गो देश र नागरिकको जीवनमाथि परिरहेको हुन्छ ।
हाम्रो विकास अभ्यास हेर्दा प्रश्न उठ्छ–हामी विकास गरिरहेका छौँ कि विनाशका लागि निरन्तर आधार तयार गरिरहेका छौँ ? सरकारले हरेक वर्ष सडक, पुल, भवन, खानेपानी, सिँचाइ, ऊर्जा र नदी नियन्त्रणलगायत पूर्वाधारमा अर्बौं रुपैयाँ खर्च गर्छ । आर्थिक वर्ष २०८३÷८४ मा २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको कुल बजेटमध्ये चार खर्ब ३१ अर्ब रुपैयाँ पुँजीगत खर्चका लागि छुट्याइएको छ । तर विकासको मूल्यांकन बजेट कति खर्च भयो भन्ने आधारमा होइन, त्यसले नागरिकको जीवन कति सुरक्षित र सहज बनायो भन्ने आधारमा हुनुपर्छ । तर यहाँ केवल कागजी मिलानमा धेरै विकास गर्ने संस्कृति छ ।
हाम्रो मुलुकको समाजिक संरचना, विविधता र बसोबासको चरित्रलाई हेर्ने हो भने ८० प्रतिशतभन्दा बढी जनसंख्या कुनै न कुनै प्राकृतिक विपद्को जोखिममा रहेको सरकारी तथ्याङ्कले देखाउँछ ।
पहाडमा पहिरो र भूकम्प, हिमाली क्षेत्रमा हिमपहिरो तथा हिमताल विस्फोट र तराईमा बाढी–डुबानको जोखिम फरक छन् । त्यसैले जोखिमअनुसार विकास नीति आवश्यक छ । तर त्यससँगै जोखिममा रहेका नागरिकको सामाजिक संरचना पनि पहिचान गर्नुपर्छ । एउटै जोखिमभित्र को धनी छ, को भूमिहीन छ, को दलित छ, को महिला नेतृत्वको परिवार हो र कोसँग वैकल्पिक बसोबासको क्षमता छैन भन्ने तथ्याङ्कबिना वास्तविक जोखिम व्यवस्थापन सम्भव हुँदैन । २०२४ को बाढी–पहिरोमा करिब पाँच लाख १८ हजार घरधुरी र २५ लाख ९० हजार मानिस प्रभावित हुनु, २५० जनाको मृत्यु हुनु तथा करिब ४६ अर्ब रुपैयाँ बराबरको आर्थिक क्षति हुनु विपद्को ठूलो मूल्य हो तर क्षतिको आर्थिक हिसाबले मात्र विपद्को प्रभाव बुझिँदैन । गरिब परिवारले गुमाएको घर, जमिन, पशुधन, रोजगारी, बालबालिकाको शिक्षा र सामाजिक सुरक्षा पनि क्षतिकै हिस्सा हुन् ।
भोटेकोशी क्षेत्रमा २०८३ भदौ १० गते भएको विनाशकारी बाढी तथा हिमपहिरोले पनि विकास र विपद्बीचको सम्बन्धमाथि गम्भीर प्रश्न उठाएको छ । जलवायु परिवर्तनले जोखिमको स्वरूप बदलिरहेको अवस्थामा पुरानै भू–उपयोग, पुरानै निर्माण शैली र पुरानै पूर्वाधार नीतिमा अडिएर भविष्य सुरक्षित गर्न सकिँदैन ।
अब विकासको पहिलो मापदण्ड सुरक्षा र सामाजिक न्याय हुनुपर्छ । हरेक स्थानीय तहमा बहुविपद् जोखिम नक्सा तयार गर्नुपर्छ । त्यसमा केवल भूगोल होइन, जोखिममा रहेका परिवारको सामाजिक–आर्थिक अवस्थासमेत समेटिनुपर्छ ।
बस्ती, विद्यालय, अस्पताल, बजार, सडक, पुल र ठूला पूर्वाधारको स्थान निर्धारण त्यही आधारमा हुनुपर्छ । अत्यधिक जोखिममा रहेका बस्ती स्थानान्तरण गर्नुपर्ने भए पनि राज्यले 'घर बनाएर सारिदिने' पुरानो सोच बदल्नुपर्छ । भूमिहीन दलित वा गरिब परिवारलाई सुरक्षित स्थानमा घर दिएर मात्र समस्या समाधान हुँदैन । उनीहरूको रोजगारी कहाँ हुन्छ ? खेती गर्ने जमिन कहाँ हुन्छ ? बालबालिकाको विद्यालय कहाँ हुन्छ ? स्वास्थ्य सेवा कति टाढा हुन्छ ? जीविकोपार्जनको आधार के हुन्छ ? यी प्रश्नको उत्तरसहितको पुनःस्थापना मात्र सम्मानजनक पुनःस्थापना हो ।
विशेषतः दलित र सीमान्त समुदायका लागि सुरक्षित आवास केवल कल्याणकारी कार्यक्रम होइन, संवैधानिक सामाजिक न्यायको विषय हो । जनता आवास वा अन्य आवास कार्यक्रमसमेत जोखिमयुक्त ठाउँमा कमजोर संरचना बनाएर समुदायलाई अलग्गै बस्तीमा थुपार्ने माध्यम बन्नुहुँदैन । सुरक्षित, मिश्रित, पहुँचयुक्त र सम्मानजनक बस्ती विकासको नीति आवश्यक छ । अन्यथा राज्यले एकातिर छुवाछूत र विभेद अन्त्य गर्ने घोषणा गर्ने र अर्कोतिर विकासकै नाममा जातीय तथा वर्गीय रूपमा अलग्गिएका बस्तीलाई निरन्तरता दिने विरोधाभास कायम रहन्छ । त्यसैले समस्या बजेटको अभाव मात्र होइन, विकासको गलत प्राथमिकतामा पनि छ । कतै आवश्यक पूर्वाधार छैन, कतै बजेट खर्च हुँदैन, कतै बनेका संरचना केही वर्षमै भत्काएर फेरि नयाँ बनाइन्छन् । तर पुरानो झन जोखिम भइरहेको हुन्छ ।
सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय कमजोर हुँदा एउटै विकास कार्यमा दोहोरो लगानी हुन्छ । जथाभावी डोजर चलाएर पहाड काट्ने, पहिरोको फेदीमा सडक र बस्ती विस्तार गर्ने, चक्लाबन्दी गर्ने, नदी–खोलाको प्राकृतिक बहाव साँघुरो बनाउने, अनियन्त्रित उत्खनन गर्ने र कमजोर भूभागमा संरचना बनाउने प्रवृत्ति विकास होइन, त्यो भविष्यको ठूलो विपद्को आधार हो । यसको सबैभन्दा ठूलो भार गरिब र सीमान्त समुदायले धेरै बेहोर्छन्,अरुले कम । मधेशका दलित, भूमिहीन, सुकुमबासी, मुसहर, सदा, डोम, चमार, पासवानलगायत परिवारसँग सुरक्षित जमिन किन्न सक्ने क्षमता हुँदैन । त्यसैले नदी किनार, सार्वजनिक जमिन वा अन्य जोखिमयुक्त ठाउँमा बस्न बाध्य हुन्छन् । यस्तो बस्तीलाई केवल अव्यवस्थित वा अतिक्रमण भनेर हेर्नु गलत हुन्छ । यसको पछाडि परम्परागत भूमिहीनता, गरिबी, जातीय विभेद, असमान भूमि पहुँच र राज्यको कमजोर आवास नीतिको इतिहास जोडिएको हुन्छ ।
विपद्को असर पनि सबैलाई समान हुँदैन । समान हुनका लागि भदौ १० गते जलवायु परिवर्तनको कारण आएको भोटेकोशी विपद्रै हुनुपर्छ । जहाँ केवल नागरिकको मानवीय भावनाबाहेक केही पनि बाँकी रहेनन् । तर यही विपद फरक खालको आयो भने सम्पन्न परिवारसँग वैकल्पिक जमिन, घर र आर्थिक स्रोत हुन्छ । जसले आफूलाई पुनःव्यवस्थित गर्न सक्छ । तर यही कुरा एउटा गरिब, दलित तथा भूमिहीन सुकुमबासी परिवारले गर्न सक्दैन । उनीसँग त्यो समाजिक हैसियत हुँदैन । एउटा जोखिमले बर्बादी गर्दा अर्को जोखिम नै रोज्नुपर्ने हुन्छ । त्यस्तो खालको निरन्तर समाजिक संस्कृति छ । विपद्मा उनीहरूको एउटा झुपडी गुम्नु भनेको केवल झुपडी मात्र गुम्नु होइन, त्योसँगै उसको सारा सम्पत्ति, रोजगारी, सामाजिक सुरक्षा र भविष्यको आधार नै गुम्नु हो, सखाप हुनु हो । त्यसैले विपद् व्यवस्थापनलाई राहत र उद्धारको नजरले मात्र हेरिनुहुँदैन । यो सामाजिक न्यायको ठूलो विषय पनि हो ।
मधेसको बाढी–डुबान र पहाडको पहिरो अलग समस्याजस्तो देखिए पनि यसको एउटा साझा कारण अव्यवस्थित भू–उपयोग नै हो । चुरे दोहन, नदी–खोलाबाट अनियन्त्रित उत्खनन, प्राकृतिक बहावमा अवरोध, कमजोर तटबन्ध र अव्यवस्थित बस्ती, चक्लाबन्दीले जोखिम बढाइरहेका छन् । माथिल्लो भूभागमा हुने भू–उपयोग परिवर्तनको असर तल्लो मधेशसम्म पुग्छ । त्यसैले मधेसको विकासलाई सडक र भवन निर्माणमा मात्र सीमित नगरी चुरे संरक्षण, नदी प्रणाली, भूमिगत पानी, कृषि, सिँचाइ र बाढी व्यवस्थापनसँग जोड्नुपर्छ । हाम्रो घडेरी प्लानिङ र तीन तह सरकारको जात, समुदाय र वर्गलाई विकासमा प्राथमिकता दिँदा कमजोर वर्ग, जाति र समुदायको अव्यवस्थित र जोखिमपूर्ण विकास झन कमजोर र जोखिम निम्त्याइरहेको हुन्छ । त्यसैले जोखिमयुक्त जमिनमा प्लटिङ र गरिब, दलित बस्तीको अविकासको जोखिम सिंगो नागरिकमाथि सार्छ । नागरिकले ऋण लिएर त्यही जमिन र ठाउँमा घर बनाउँछ र विपद् आएपछि जीवनभरको कमाइ गुमाउँछ ।
भू–उपयोग योजना, नक्सा पास र निर्माण अनुमति केवल प्रशासनिक प्रक्रिया होइन, नागरिक सुरक्षासँग जोडिएको विषय पनि हो । त्यसैले घडेरी प्लटिङ गर्दा पनि जोखिम ठाउँ र प्लटिङको बाटो २० फिटको छ भने सुरुमै २० फिट कायम गरेर स्वीकृति दिनुपर्छ । सोह्र फिट स्वीकृति दिएर अन्त्यमा उपयोग गर्ने सामान्य नागरिकलाई मार पर्नेगरी तीन÷तीन फिट छोडेर २० फिट पु¥याउने बेथितिपूर्ण धन्दा बन्द गर्नुपर्छ । किनभने नेपाल प्राकृतिक विपद्को उच्च जोखिममा रहेको मुलुक हो । जलवायु परिवर्तनले बाढी, पहिरो, हिमपहिरो, हिमताल विस्फोट र अन्य विपद्को जोखिमलाई थप जटिल बनाइरहेको छ । २०८३ भदौ १० गतेको भोटेकोशी विपद्ले पनि प्राकृतिक जोखिमलाई बेवास्ता गरेर गरिने विकास र कमजोर पूर्वतयारीको मूल्य कति ठूलो हुन सक्छ भन्ने देखाएको छ । अब विकासको पहिलो मापदण्ड सुरक्षा हुनुपर्छ । हरेक स्थानीय तहमा बहुविपद् जोखिम नक्सा तयार गरी त्यसका आधारमा बस्ती, विद्यालय, अस्पताल, बजार, सडक, पुल र बाटोघाटोको योजना बनाउनुपर्छ । अत्यधिक जोखिमयुक्त बस्ती स्थानान्तरण गर्नुपर्ने भए घर दिएर मात्र हुँदैन्, जमिन, रोजगारी, शिक्षा, स्वास्थ्य र जीविकोपार्जनको वैकल्पिक आधार पनि सुनिश्चित गर्नुपर्छ । विशेषगरी दलित, भूमिहीन र सीमान्त समुदायलाई एउटा जोखिमयुक्त ठाउँबाट हटाएर अर्को जोखिमयुक्त ठाउँमा धकेल्नु पुनःस्थापना होइन । सुरक्षित आवास उनीहरूको दया होइन, कानुनी अधिकार हो ।
राज्यका आवास कार्यक्रमले पनि सीमान्त समुदायलाई समाजको किनारमा छुट्टै र जोखिमयुक्त बस्तीमा थुपार्ने होइन, सुरक्षित, व्यवस्थित र सम्मानजनक बसोबास सुनिश्चित गर्नुपर्छ । तर यहाँ सरकारले नै निर्माण गरिएको र देखिएको हरेक जनताआवास तथा सुरक्षित आवास कार्यक्रमहरुको चरित्र परम्परागत जातिवादी धाराप सामुदायिक संरचनाभन्दा कम छैन । त्यसैले अब विकासको प्रश्न भनेको कति किलोमिटर सडक र संरचना बन्यो भन्नेमा होइन, त्यो सडक, संरचना र बस्ती कति सुरक्षित छ कि छैन भन्नेमा हुनुपर्छ । व्यक्तिको कति घर बन्यो भनेर होइन, ती घरमा बस्ने नागरिक कति सुरक्षित छन् कि छैनन् भन्नेमा हुनुपर्छ । राज्यको कति बजेट खर्च भयो भनेर होइन्, त्यो बजेटले कति जोखिम घटायो भन्नेमा मूल्याङ्कन हुनुपर्छ किनभने सडक र पुल भत्किए फेरि बनाउन सकिन्छ, घर ढले फेरि उठाउन सकिन्छ तर गुमेको जीवन फर्काउन सकिँदैन । राज्यले विनाशपछि पुनर्निर्माणमा भन्दा विनाश रोक्ने विकासमा लगानी गर्नुपर्छ । त्यो विकास विनाश रोक्ने ठाउँमा पनि हुनसक्छ तर त्यसलाई नागरिक सुरक्षित हुने विकास भनिँदैन । त्यसैले नागरिक जहाँ सुरक्षित छन्, त्यहाँ विकास गरौँ । जहाँ जोखिम छ, त्यहाँ संरक्षण गरौँ र जहाँ नागरिक जोखिममा छन्, त्यहाँ राज्यको पहिलो जिम्मेवारी उनीहरूको जीवन सुरक्षित गर्नु हो । नेपाललाई अब धेरै विकास होइन, सुरक्षित, न्यायपूर्ण र दिगो विकास चाहिएको छ किनभने सुरक्षित नागरिकको जीवन नै राष्ट्रको पहिलो पूर्वाधार हो भन्ने कुरा बेलैमा बुझ्न जरुरी छ । त्यसैले विकास र बसोबास जोखिम ठाउँमा नगरौँ । रासस



# बहुगुणी कन्दमूल ओलबाटै पनि प्रशस्त आम्दानी...



**सर्लाही।**
सर्लाहीको बरहथवा क्षेत्रका किसानले बहुगुणी कन्दमूल ओलखेतीबाटै पनि मनग्य आम्दानी गरिरहेको पाइएको छ । खासै सिँचाइको समेत आवश्यकता नपर्ने उक्त खेतीबाट लगानी कटाएर अरु बालीनालीभन्दा राम्रो आम्दानी लिन सकिने भएपछि यहाँका किसान ओलखेतीतर्फ आकर्षण बढेको हो । बरहथवा नगरपालिका–१५ पिप्राभित्ताका किसान किशोरी साह ओल खेतीबाट कम्तीमा प्रतिकट्ठा रु ५० हजार आम्दानी लिन सकिने बताउँछन् । उनले गत वर्ष प्रतिकट्ठा रु एक लाखसम्म आम्दानी लिएको बताए । कृषक साहले यस वर्ष डेढ बिघा खेतमा उक्त खेती लगाएका छन् ।

‘पाँच कट्ठाको ओल बिग्रियो सुरुमै खनेर बेचिदिए’, उनले भने, ‘त्यसबाट रु दुई लाख ५० हजार आम्दानी भयो । बाँकी खन्ने काम भइरहेको छ ।’ साहले आफ्नोसँगै अरु किसानको ओल र तरुललगायतको तरकारी ठेक्कामा किनेर बजार लैजाने गरेका छन् । ‘म आफैँ खेती पनि गर्छु’, साहले भने, ‘यहाँ किसानले लगाएको ओल, आलु, सखरखण्ड, तरुल खेतै हुन्डा लिएर बजार लैजान्छु ।’

काठमाडौँको कालीमाटी र बल्खुलगायतका तरकारी बजारमा होलसेल बिक्री गर्दै आएका साहले बालुवा वा पाँगो माटोमा राम्रो उत्पादन हुने उक्त कन्दमूलका लागि सुक्खा जग्गा राम्रो हुने बताउँछन् । ‘अन्य खेतीका लागि पानी, मलखाद धेरै चाहिन्छ’, उनले भने, ‘यो खेतीले किसानलाई निकै राहत मिलेको छ ।’ ओलका लागि सिँचाइ अभावले समस्या नहुने, कृषि मजदुर पनि थोरै भए पुग्ने उनको भनाइ छ । किसानले उत्पादन गरेको ओल काठमाडौँ, हेटौँडा, वीरगंज, जनकपुर, विराटनगर, झापा, बुटवल, पोखरासम्मका व्यापारी आएर लैजाने गरेको बरहथवा नगरपालिका–५ का अर्का किसान घुरन महतोले सुनाए । उनले भने, ‘फागुन चैतमा रोपेको ओल भदौबाट खन्न सुरु गरिन्छ । प्रतिकट्ठा ओलले २० देखि २२ क्विन्टलसम्म उत्पादन दिन्छ । एउटा बोटमै १० देखि १२ किलोसम्मको ओल फल्ने गरेको छ ।’

कृषक महतोका अनुसार गत वर्ष ओल रु ८० देखि रु १०० किलोसम्म बजारमा बिक्री भयो । अहिले रु ४५ देखी ६५ रु किलोसम्म बिक्री भइरहेको छ । तराई मधेसमा स्वादिष्ट तरकारीको रुपमा ओल धेरै प्रयोग हुने गरेको छ । अर्का कृषक वीरेन्द्र यादव भन्छन्, ‘महँगो तरकारीको रुपमा परिचय रहेको ओलबारे एउटा भनाइ छ ।’ ‘चैतमा परबर भदौमा ओल’, ‘कि खाए राजा कि खाए चोर’ ती महिनामा ती दुई जातका तरकारी तराईमा निकै महँगोमा बिक्छ । वीरलै पाइने भएकाले त्यो सबैको पहुँचमा हुँदैन ।

**स्वास्थ्यको हिसाबले अधिक उपयोगी**
ओल स्वास्थ्यको लागि निकै उपयोगी पोषण युक्त तरकारी भएकाले यसलाई बहुगुणी कन्दमूलको रुपमा उल्लेख गरेको पाइन्छ । प्रसस्त फाइबर, पोटासियम, कार्बोहाइड्रेट, वनस्पतिजन्य एन्टिअक्सिडेन्ट भरपुर मात्रामा पाइने भएकाले ओलले शरीरलाई स्वस्थ राख्न मद्दत पुग्ने आयुर्वेद चिकित्साले समेत भनेको छ । यसमा पाइने फाइबरले पाचन प्रणालीमा धेरै फाइदा पुर्याउने विज्ञको मत छ ।

तराई मधेशमा विशेष गरी तरकारी, चटनी, तरुवा बनाएर प्रयोग गरिने ओल लामो समय शरीरलाई आडिलो बनाइराख्ने भएकाले छिट्टो भोक लाग्दैन । आलु, पिँडालुलगायतको तरकारीको विकल्पमा समेत ओलको प्रयोग हुने गरेको छ ।

ओलका परिकार, तयार गर्ने विधिलगायतका विषयमा उपभोक्तालाई ज्ञान नभएकाले यसको गुणबारे धेरैलाई थाह नहुँदा बजार सानो रहेको व्यपारीहरुको बुझाइ छ । केही पहाडी जिल्लाका बजारसम्म ओल पु¥याइने गरेको भए पनि यसलाई मधेशको खाद्यान्नको रुपमा मात्र हेर्ने गरिएको व्यापारी कञ्चन महतोले बताए ।

‘सामान्यतया ओल पिँडालुजस्तै कन्दमूल हो’, उनले भने, ‘पिँडालुजस्तै काँचो शरीरमा लाग्यो वा खाइयो भने शरीर घाटी जिब्रो चिलाउने कोक्याउने हुन्छ । तर, मज्जाले पकाएर खाँदा पिँडालुजस्तै स्वादिलो हुन्छ ।’ यसको स्वाद बुझेकाले भने खोजेर खाने गरेका उनले बताए । ओलको उपयोगिता र प्रचारप्रसार नभएका कारण मुलुकका सबै ठाउँमा पर्याप्त व्यपार हुन नसकेको व्यापारीको प्रतिक्रिया छ । मधेश प्रदेशको सर्लाही, महोत्तरी र रौतहटलगायतका जिल्लामा उत्पादित ओल भारतीय बजारमा राम्रो मूल्यमा बिक्री हुँदैआएको छ । रासस

# भारी वर्षा र चट्याङको जोखिम: आज वीरगंजका सबै विद्यालय बन्द

**मधेशदृष्टि**
**वीरगंज।**
प्रतिकूल मौसमका कारण वीरगंज महानगरपालिकाभित्र सञ्चालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयमा असोज ९ गते (शुक्रबार) एक दिनका लागि पठनपाठन बन्द हुने भएको छ । महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाले बिहीबार सूचना जारी गर्दै महानगर क्षेत्रका सबै विद्यालयमा भोलि पठनपाठन स्थगित रहने जानकारी दिएको हो ।

शिक्षा तथा खेलकुद मन्त्रालयबाट प्राप्त पत्रलाई आधार बनाउँदै महानगरपालिकाले नेपालका विभिन्न स्थानमा भारी वर्षा, हावाहुरी तथा चट्याङको सम्भावना रहेकाले त्यसबाट हुन सक्ने प्रतिकूल प्रभावलाई ध्यानमा राखेर विद्यालय बन्द गर्ने निर्णय गरेको जनाएको छ । मौसम प्रतिकूल बन्न सक्ने सम्भावनाका कारण विद्यार्थी, शिक्षक तथा विद्यालयसँग सम्बन्धित अन्य व्यक्तिको सुरक्षालाई प्राथमिकतामा राख्दै असोज ९ गते एक दिनका लागि नियमित कक्षा सञ्चालन नगर्ने निर्णय गरिएको महानगरपालिकाले स्पष्ट पारेको छ ।

यसैबीच, समुदायमा विपद्को अवस्था सिर्जना भए विद्यालय भवनलाई सुरक्षित आश्रयस्थलका रूपमा प्रयोग गर्न सकिने गरी आवश्यक तयारी अवस्थामा राख्न महानगरपालिकाले सबै विद्यालय प्रशासनलाई निर्देशन दिएको छ । महानगरपालिकाले सम्भावित विपद्को समयमा विद्यालयका भौतिक संरचनालाई सुरक्षित तथा व्यवस्थित रूपमा प्रयोग गर्न सकिने अवस्था सुनिश्चित गर्नसमेत विद्यालय प्रशासनलाई आग्रह गरेको छ ।




# पर्सामा अति भारी वर्षाको सम्भावना: उच्च सतर्कता अपनाउन प्रशासनको आग्रह

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सामा असोज ९ गते शुक्रबारदेखि ११ गतेसम्म अति भारी वर्षा, मेघगर्जन, चट्याङ तथा हावाहुरीको सम्भावनालाई मध्यनजर गर्दै जिल्ला विपद् व्यवस्थापन समितिले उच्च सतर्कता अपनाउने निर्णय गरेको छ । समितिले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका उद्धार टोलीलाई आवश्यक सामग्रीसहित २४ घण्टा तयारी अवस्थामा राख्ने तथा जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र सञ्चालनमा ल्याउने निर्णय गरेको छ ।



यस्तै, जोखिमयुक्त नदीतटीय तथा डुबान सम्भावित क्षेत्रमा माइकिङ र जनचेतनामूलक सूचना प्रवाह गर्ने, जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा सार्ने तथा अस्पताल र एम्बुलेन्सलाई तयारी अवस्थामा राख्ने निर्णय गरिएको छ । भारी वर्षाका कारण सडक अवरुद्ध भए तत्काल बाटो खुलाउन जेसीबी तथा हेभी उपकरण तयारी अवस्थामा राखिने समितिले जनाएको छ ।

सर्वसाधारणलाई अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन र सुरक्षित स्थानमा रहन आग्रह गरिएको छ ।

# भारी वर्षा पूर्वानुमानको असर: जनमतको महाधिवेशन र जसपाको बैठक सर्‍यो

**मधेशदृष्टि**
**जनकपुरधाम।**
देशका विभिन्न स्थानमा भारीदेखि अति भारी वर्षा हुने पूर्वानुमानसँगै राजनीतिक दलका निर्धारित कार्यक्रम प्रभावित भएका छन् । वर्षाको सम्भावनालाई मध्यनजर गर्दै जनमत पार्टीले आफ्नो दोस्रो महाधिवेशनको मिति परिवर्तन गरेको छ ।

असोज ९ र १० गतेका लागि तय गरिएको महाधिवेशन अब असोज १७ गतेसम्मका लागि सारिएको हो ।

यसअघि जनमत पार्टीले असोज ९ र १० गते वीरगञ्जमा दोस्रो महाधिवेशन गर्ने तयारी गरेको थियो ।

तर, मौसम प्रतिकूल हुने पूर्वानुमानपछि महाधिवेशनको मिति परिवर्तन गरिएको जनाइएको छ । त्यसैगरी जनता समाजवादी पार्टी (जसपा) नेपालले पनि केन्द्रीय समिति बैठकको मिति सारेको छ । असोज १३ गतेदेखि बस्ने तय भएको केन्द्रीय समिति बैठक अब असोज २१ गतेदेखि सुरु हुने भएको छ ।

भारी वर्षा तथा प्रतिकूल मौसमका कारण देशका विभिन्न स्थानमा आवतजावत तथा सार्वजनिक कार्यक्रम प्रभावित हुन सक्ने अवस्थालाई ध्यानमा राख्दै राजनीतिक दलहरूले आफ्ना पूर्वनिर्धारित कार्यक्रमको मिति परिवर्तन गरेका हुन् ।

# सुमित्रा खत्री मृत्यु प्रकरण: एक महिला पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको ठोरी गाउँपालिका–१ जानकीनगरकी सुमित्रा खत्रीको मृत्यु प्रकरणमा प्रहरीले एक महिलालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मृतकका श्रीमान् प्रविन खत्रीकी नाताले दिदी पर्ने गुना भण्डारी रहेकी छन् । उनलाई बिहीबार बिहान आफ्नै निवासबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार भण्डारीमाथि आत्महत्या दुरुत्साहनसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको छ । मृतकका माइती पक्षले परिवारका सदस्यबाट मानसिक यातना दिइएको आरोप लगाउँदै प्रविन खत्री र गुना भण्डारीविरुद्ध किटानी जाहेरी दिएका छन् ।

प्रहरीका अनुसार घटनामा आरोपित प्रविन खत्री हाल विदेशमा रहेकाले उनलाई पनि अनुसन्धानका लागि नेपाल झिकाउने प्रयास भइरहेको छ । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मधेशका एफएम र टेलिभिजनका...

सेवा लिन काठमाडौं जानुपर्ने समय, खर्च र झन्झट कम हुने अपेक्षा गरिएको छ ।

आमसञ्चार प्राधिकरणका अध्यक्ष खड्गाले फाइल हस्तान्तरणलाई सामान्य प्रशासनिक प्रक्रिया मात्र नभई संविधानले दिएको प्रदेशको अधिकार कार्यान्वयनतर्फको महत्वपूर्ण उपलब्धि भएको बताए । उनका अनुसार नेपालको संविधान तथा मधेश प्रदेश सञ्चारसम्बन्धी कानुनले रेडियो तथा टेलिभिजनको दर्ता, नवीकरणलगायतका काम प्रदेशस्तरबाटै गर्ने व्यवस्था गरे पनि आवश्यक फाइल केन्द्रमै रहँदा उक्त अधिकार व्यवहारमा कार्यान्वयन हुन सकेको थिएन ।

करिब सात वर्षदेखि केन्द्रमा रहेका फाइलहरू मधेशमा ल्याउने प्रयास गर्दै आएको बताउँदै अध्यक्ष खड्गाले फाइल हस्तान्तरणमा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको महत्वपूर्ण सहयोग रहेको बताए । ‘जिम्मेवारी सम्हालेकै दिनदेखि फाइलहरू मधेश ल्याउने विषयमा निरन्तर प्रयासरत थिएँ,’ खड्गाले भने, ‘केही कानुनी जटिलता समाधान गर्न मधेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री महतोको महत्वपूर्ण सहयोग रह्यो । उहाँ र तत्कालीन गृहसचिव गणेश नायकको सहयोगमा फाइलहरू प्राधिकरणमा ल्याउन सफल भएका छौँ ।’

फाइल प्रदेशमै आएपछि एफएम रेडियो तथा टेलिभिजन सञ्चालन, नवीकरण तथा अन्य प्रशासनिक प्रक्रियाका लागि केन्द्रमा निर्भर हुनुपर्ने अवस्था अन्त्य हुने प्राधिकरणको भनाइ छ ।

यसबाट सञ्चार संस्थाको समय तथा आर्थिक भार घट्नुका साथै यातायात, बसोबासलगायतमा हुने अतिरिक्त खर्चसमेत बचत हुने अपेक्षा गरिएको छ । प्रदेशभित्रैबाट नियमित प्रशासनिक प्रक्रिया अघि बढाउन सकिने भएपछि सञ्चार संस्थालाई सेवा प्राप्त गर्न थप सहज हुने प्राधिकरणले जनाएको छ ।

फाइल हस्तान्तरणसँगै सञ्चार संस्थासँग सम्बन्धित अभिलेख तथा प्रशासनिक काम प्रदेशस्तरमै व्यवस्थित हुने र सेवा प्रवाहलाई थप छिटो तथा सहज बनाउन सहयोग पुग्ने बताइएको छ । दर्ता तथा नवीकरणबाट प्राप्त हुने राजस्वसमेत प्रदेश सरकारको आम्दानीमा जोडिने भएकाले यसबाट प्रदेशको राजस्व संकलनमा समेत वृद्धि हुने प्राधिकरणको विश्वास छ ।

अध्यक्ष खड्गाले फाइलहरू मधेशमा ल्याउनुलाई सञ्चार क्षेत्रको अधिकार प्रदेशमा स्थापित गर्ने प्रक्रियाको महत्वपूर्ण उपलब्धिका रूपमा लिएका छन् । उनका अनुसार अब प्रदेशमै उपलब्ध हुने सेवाका लागि सञ्चार संस्था तथा सञ्चारकर्मीले केन्द्रमा निर्भर हुनुपर्ने अवस्था क्रमशः अन्त्य हुँदै जानेछ । फाइल हस्तान्तरणसँगै मधेश प्रदेशमा सञ्चारसम्बन्धी सेवा विकेन्द्रीकरणको आधार तयार भएको प्राधिकरणले जनाएको छ ।

## सशस्त्र प्रहरीलाई मधेश सरकारले
# दियो २० थान मोटरसाइकल

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले सीमा सुरक्षा, शान्ति सुरक्षा तथा नियमित गस्तीलाई थप प्रभावकारी बनाउन सशस्त्र प्रहरी बललाई २० थान मोटरसाइकल उपलब्ध गराएको छ । मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयमा आयोजित कार्यक्रममा गृह, सञ्चार तथा कानुनमन्त्री फकीरा महतोले सशस्त्र प्रहरी बल मधेश प्रदेशका प्रमुख प्रहरी नायब महानिरीक्षक विष्णुप्रसाद भट्टलाई मोटरसाइकलको साँचो तथा ब्लुबुक हस्तान्तरण गरेका हुन् ।

प्रदेशका सीमावर्ती तथा संवेदनशील क्षेत्रमा सुरक्षा निकायको नियमित उपस्थितिलाई प्रभावकारी बनाउन सवारीसाधन उपलब्ध गराइएको मन्त्रालयले जनाएको छ । विशेषगरी सीमा क्षेत्रमा हुने नियमित गस्ती, निगरानी तथा सुरक्षा व्यवस्थापनमा मोटरसाइकलले सहजता ल्याउने अपेक्षा गरिएको छ । भारतसँग लामो खुला सीमा जोडिएको मधेश प्रदेशमा सीमा सुरक्षा तथा नियमित गस्तीलाई चुनौतीपूर्ण मानिँदै आएको छ । यस्तो अवस्थामा सुरक्षा निकायलाई आवश्यक स्रोतसाधन उपलब्ध गराउने प्रदेश सरकारको योजनाअन्तर्गत मोटरसाइकल हस्तान्तरण गरिएको मन्त्रालयले जनाएको छ ।

मन्त्री महतोका अनुसार प्रदेश सरकारले सुरक्षा निकायलाई आवश्यक पर्ने थप सवारीसाधन उपलब्ध गराउने तयारीसमेत अघि बढाएको छ । आवश्यकताका आधारमा थप १० थान मोटरसाइकल सम्बन्धित स्थानमा उपलब्ध गराउने प्रक्रिया अघि बढिरहेको उनले बताए । प्रदेशको शान्ति सुरक्षा कायम गर्न सुरक्षा निकायलाई आवश्यक स्रोतसाधन सम्पन्न बनाउनु प्रदेश सरकारको प्राथमिकतामध्ये एक रहेको मन्त्री महतोले बताए ।

सुरक्षा निकायसँग पर्याप्त साधन भएमा नियमित गस्ती, सीमा निगरानी तथा आकस्मिक अवस्थामा तत्काल परिचालन गर्न सहज हुने उनको भनाइ थियो । यसअघि बुधबार मात्रै मधेश प्रदेश सरकारले नेपाल प्रहरीलाई ३५ थान मोटरसाइकल हस्तान्तरण गरेको थियो । सशस्त्र प्रहरीलाई थप २० थान मोटरसाइकल उपलब्ध गराएसँगै प्रदेश सरकारले सुरक्षा निकायको गतिशीलता बढाउन सवारीसाधन उपलब्ध गराउने क्रमलाई तीव्रता दिएको छ । प्रदेश सरकारका अनुसार उपलब्ध गराइएका मोटरसाइकल आवश्यकताका आधारमा सुरक्षा निकायका विभिन्न कार्यालय तथा क्षेत्रमा परिचालन गरिनेछन् । विशेषगरी



सीमावर्ती क्षेत्रमा नियमित गस्ती, सीमा निगरानी, चोरी–तस्करी नियन्त्रण तथा शान्ति सुरक्षा कायम गर्न सवारीसाधन उपयोगी हुने अपेक्षा गरिएको छ ।

मधेश प्रदेशका विभिन्न जिल्लामा सीमा अपराध, चोरी–तस्करी नियन्त्रण तथा शान्ति सुरक्षा कायम गर्न सुरक्षा निकायको नियमित गस्ती महत्वपूर्ण मानिन्छ । त्यसका लागि आवश्यक जनशक्तिसँगै पर्याप्त सवारीसाधन र अन्य स्रोतसाधनको उपलब्धता पनि आवश्यक रहेको सुरक्षा अधिकारीहरूको भनाइ छ ।

प्रदेश सरकारले आगामी दिनमा पनि सुरक्षा निकायको आवश्यकता र कार्यक्षेत्रका आधारमा थप साधन उपलब्ध गराउने जनाएको छ ।

# गुठी कुटी जग्गा व्यवस्थापनको...

कुटीको जग्गामा बसोबास गर्दै आए पनि विभिन्न प्रक्रियामार्फत जग्गाबाट विस्थापित हुने अवस्था सिर्जना हुन लागेको भन्दै त्यसको विरोधमा आन्दोलन गर्नुपरेको हो ।

समितिले कुटीको जग्गामा बसोबास गर्दै आएका परिवारको जग्गा रैतान नम्बरी कायम गरी स्वामित्वको अधिकार दिनुपर्ने माग गरेको छ । तत्काल जग्गा खाली गराउने वा उठिवास गराउने अवस्था सिर्जना नगरी सम्बन्धित परिवारको उचित बास व्यवस्थापन गर्नुपर्ने माग पनि समितिको छ । अध्यक्ष साहले माग सम्बोधन नभएसम्म आन्दोलनलाई निरन्तरता दिने बताए ।

**शुक्रबार हुने विरोध प्रदर्शनमा जनकपुरधाम**
उपमहानगरपालिकाका २५ वटै वडामा गुठी कुटीको जग्गामा बसोबास गर्दै आएका परिवार तथा प्रभावित व्यक्तिहरूको सहभागिता रहने समितिले जनाएको छ ।

# १२ वर्षीया बालिकालाई अपहरण...

थियो । त्यसपछि अन्सारीले बालिकालाई बसमा राखेर काठमाडौंको वनस्थली पु¥याई एउटा कोठामा बन्धक बनाएर राखेका थिए । प्रहरी विवरणअनुसार वनस्थलीमा समेत उनले बालिकामाथि पटक–पटक जबरजस्ती करणी गरेका थिए । बालिकालाई करिब १० दिनसम्म नियन्त्रणमा राखिएको प्रहरीले जनाएको छ ।

घटनाबारे पीडित परिवारले प्रहरीमा जाहेरी दिएपछि अनुसन्धान अघि बढाइएको थियो । अनुसन्धानका क्रममा प्रहरीले २०७८ माघ २० गते बालिकाको उद्धार गरेको थियो । त्यसपछि अन्सारीविरुद्ध अपहरण, शरीर बन्धक तथा जबरजस्ती करणीसम्बन्धी कसुरमा मुद्दा दर्ता गरिएको थियो ।

मुद्दाको सुनुवाइपछि उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले २०८२ पुस २४ गते अन्सारीलाई १८ वर्ष कैद सजाय सुनाएको थियो । अदालतले उनलाई ६ लाख रुपैयाँ जरिवाना तिराउने तथा पीडित राहत कोषमा २४ हजार रुपैयाँ जम्मा गर्नेसमेत आदेश दिएको थियो । तर अदालतको फैसला कार्यान्वयन हुनुअघि नै अन्सारी फरार रहेका थिए ।

प्रहरीले उनको खोजी जारी राखेको थियो । अन्ततः बुधबार कलैयाबाट पक्राउ परेका अन्सारीलाई आवश्यक कारबाहीका लागि बारा जिल्ला अदालत कलैयामा पेस गरिएको प्रहरीले जनाएको छ । अदालतको आदेशअनुसार उनलाई वीरगंज कारागार पठाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

# भारी वर्षाको जोखिमसँगै...

सुरक्षा निकायको भनाइ छ ।

यस्तो अवस्थामा बाढी प्रभावित क्षेत्रको पूर्वपहिचान, स्थानीय तहसँगको समन्वय र उद्धार टोलीको तत्काल परिचालनलाई सुरक्षा निकायले प्राथमिकतामा राखेको छ । सम्भावित जोखिमलाई ध्यानमा राख्दै नागरिकलाई नदी, खोला तथा डुबान सम्भावित क्षेत्रमा अनावश्यक आवतजावत नगर्न र मौसमसम्बन्धी सूचना नियमित रूपमा लिन आग्रह गरिएको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार बंगालको खाडीमा विकसित गहिरो न्यूनचापीय प्रणाली भारतको आन्ध्र प्रदेश र दक्षिण ओडिशा तट हुँदै उत्तर–पश्चिमतर्फ सर्दै गएको छ । उक्त मौसमी प्रणालीको प्रभाव नेपालमा समेत परेको र कोशी, मधेश तथा बागमती प्रदेशका अधिकांश स्थानमा मेघगर्जनसहित भारी वर्षाको सम्भावना रहेको पूर्वानुमान गरिएको छ ।

भारी वर्षाको सम्भावनाबीच मधेशमा सुरक्षा संयन्त्रलाई अग्रिम रूपमा परिचालन गर्नुको मुख्य उद्देश्य सम्भावित बाढी तथा डुबानपछि उद्धारका लागि पर्खिनुभन्दा जोखिमयुक्त क्षेत्रमा पूर्वतयारी र तत्काल प्रतिकार्य क्षमता कायम गर्नु रहेको सुरक्षा अधिकारीहरूको भनाइ छ ।

# वीरगंज–पोखरिया सडकमा खाल्डैखाल्डा:
# जोखिम मोलेर यात्रा गर्न बाध्य हजारौँ यात्रु

*औद्योगिक तथा व्यापारिक आवागमनको मुख्य मार्ग जीर्ण, दुर्घटनाको जोखिमसँगै ढुवानी लागत पनि बढ्दै ।*



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको प्रमुख व्यापारिक तथा औद्योगिक मार्गका रूपमा रहेको वीरगंज–पोखरिया सडकखण्ड लामो समयदेखि खाल्डाखुल्डीले जीर्ण बन्दै गए पनि यसको प्रभावकारी मर्मतसम्भार हुन सकेको छैन। सडकको अवस्था दिनप्रतिदिन बिग्रँदै जाँदा दैनिक आवतजावत गर्ने हजारौँ यात्रु तथा मालवाहक सवारीसाधन जोखिम मोलेर यात्रा गर्न बाध्य छन्।

वीरगंजको एकीकृत सुरक्षा जाँच चौकी (आइसिपी), सुक्खा बन्दरगाह, परवानीपुरलगायतका प्रमुख व्यापारिक तथा औद्योगिक क्षेत्र जोड्ने यस सडकका विभिन्न स्थानमा ठूला–ठूला खाल्डा परेका छन्। लामो समयसम्म मर्मत नहुँदा कतिपय ठाउँमा सडकको सतह नै असमान र जीर्ण बनेको स्थानीय तथा सवारी चालकहरू बताउँछन्।

विशेषगरी ट्रक, ट्याङ्कर, लरीलगायत भारी तथा मालवाहक सवारीसाधनको निरन्तर चाप रहने भएकाले सडक थप बिग्रँदै गएको चालकहरूको भनाइ छ । खाल्डाखुल्डी छल्दै सवारी चलाउनुपर्ने बाध्यताका कारण गति घटाउनुपरेको र त्यसले यात्राको समयसमेत बढाएको उनीहरू बताउँछन् । 'एउटा खाल्डो छल्न खोज्दा अर्को खाल्डोमा पुग्ने अवस्था छ । सडक बिग्रिएपछि सवारी चलाउन जोखिम त हुन्छ नै, यात्रा समय पनि बढ्छ। गति कम गरेर चलाउँदा समय बढी लाग्छ, तीव्र गतिमा चलाउँदा दुर्घटनाको डर हुन्छ,' सवारी चालक रवीन्द्र पटेलले भने।

उनका अनुसार सडकको दुरवस्थाले चालकलाई मात्र होइन, सवारीसाधनलाई समेत प्रत्यक्ष क्षति पु¥याइरहेको छ। गहिरा खाल्डामा सवारी पर्दा टायर, सस्पेन्सन, स्टेरिङलगायतका पार्टपुर्जामा क्षति पुग्ने भएकाले सञ्चालन खर्च बढिरहेको चालकहरूको गुनासो छ । रातिको समयमा सडकका खाल्डाखुल्डी स्पष्ट देखिन नसक्दा दुर्घटनाको जोखिम झनै बढ्ने चालकहरू बताउँछन्।

विशेषगरी भारी सवारीसाधनलाई असमान सडकमा नियन्त्रण गर्न कठिन हुने भएकाले सामान्य सावधानी अपनाउँदा पनि दुर्घटनाको जोखिम पूर्ण रूपमा टार्न नसकिने उनीहरूको भनाइ छ । स्थानीय नेता नेजामुद्दीन समानीले सडक प्रयोग गर्ने सवारीसाधनबाट विभिन्न शीर्षकमा कर तथा शुल्क उठाइए पनि सडकको नियमित मर्मतसम्भारमा पर्याप्त ध्यान नदिइएको गुनासो गरे । सडकलाई सुरक्षित र व्यवस्थित नबनाई केवल ट्राफिक व्यवस्थापनबाट दुर्घटनाको जोखिम घटाउन कठिन हुने उनको भनाइ छ।

वीरगंजको सुक्खा बन्दरगाह, आइसिपी तथा विभिन्न औद्योगिक क्षेत्रलाई जोड्ने महत्वपूर्ण मार्ग भएकाले वीरगंज–पोखरिया सडक व्यापारिक तथा औद्योगिक ढुवानीका दृष्टिले समेत महत्वपूर्ण मानिन्छ । तर सडकको खराब अवस्थाले मालसामान ढुवानीमा ढिलाइ हुनुका साथै व्यवसायी तथा यातायात क्षेत्रको सञ्चालन लागतसमेत बढाइरहेको स्थानीयको गुनासो छ।

स्थानीयवासी र सवारी चालकहरूले तत्काल सडकका खाल्डाखुल्डी पुर्न र अत्यधिक जीर्ण स्थानमा मर्मत गर्न माग गरेका छन् । उनीहरूले तत्कालीन रूपमा सडक मर्मतसँगै दीर्घकालीन समाधानका लागि सडक स्तरोन्नति गर्नुपर्ने बताएका छन्।

त्यसैगरी सडकको नियमित अनुगमन, समयमै मर्मतसम्भार तथा सडकको क्षमताभन्दा बढी भार बोकेर सञ्चालन हुने सवारीसाधनको व्यवस्थापनमा समेत सम्बन्धित निकायले प्रभावकारी ध्यान दिनुपर्ने उनीहरूको माग छ । व्यापार र उद्योगको प्रमुख आवागमन मार्गका रूपमा प्रयोग हुँदै आएको सडक लामो समयसम्म बेवास्तामा पर्दा यसको असर यात्रुको सुरक्षादेखि व्यापारिक ढुवानीसम्म परेको भन्दै स्थानीयले अब तत्काल ठोस कदम चाल्न सम्बन्धित निकायसँग माग गरेका छन्।

# कारको ठक्करबाट घाइते इ–रिक्सा
## चालकको उपचार र न्यायमा परिवारको गुनासो



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाममा कारको ठक्करबाट गम्भीर घाइते भएका सर्लाहीका एक इ–रिक्सा चालकको उपचार तथा न्यायको प्रक्रियालाई लिएर पीडित परिवारले प्रहरीको भूमिकामाथि प्रश्न उठाएको छ । दुर्घटनापछि प्रहरीले कार चालकलाई हाजिरी जमानीमा छाडेको र त्यसपछि पटकपटक आग्रह गर्दा पनि आरोपित पक्षले घाइतेको उपचार तथा हेरचाहमा सहयोग नगरेको पीडित परिवारको आरोप छ।

सर्लाहीको पर्सा गाउँपालिका–५ का करिब ५० वर्षीय कैलाश महतो सुडी जनकपुरधाममा इ–रिक्सा चलाउँदै आएका थिए।

गत असोज ४ गते साँझ करिब ६ बजे इ–रिक्सा चलाउने क्रममा उनलाई कारले ठक्कर दिएको भन्दै उनका छोरा विक्रम महतोले जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिएका छन् । पीडित परिवारका अनुसार महतोले चलाइरहेको मधेश प्रदेश ०२–००१ ह ३६६२ नम्बरको इ–रिक्सालाई पछाडिबाट साइड लिने क्रममा बिआर ०६ इएफ ४६८० नम्बरको कारले ठक्कर दिएको थियो । ठक्करबाट महतोको टाउको, नाक, दाँत तथा शरीरका विभिन्न भागमा चोट लागेको परिवारले जनाएको छ।

उजुरीमा जनकपुरधाम उपमहानगरपालिका–२ बस्ने विजय कर्णका छोरा २२ वर्षीय आदित्य कर्णले कार चलाएको उल्लेख गरिएको छ । दुर्घटनापछि घाइते महतोको उपचार जनकपुरधामस्थित जानकी हेल्थ केयरमा भइरहेको छ।

घटनापछि प्रहरीले घाइतेको चोटपटकको औपचारिक परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरधामलाई समेत पत्राचार गरेको छ । जिल्ला प्रहरी कार्यालय धनुषाको उजुरी तथा छानबिन शाखाले असोज ५ गते अस्पताललाई पत्र पठाउँदै कैलाश महतोको घाउ जाँच गरी प्रतिवेदन उपलब्ध गराउन अनुरोध गरेको थियो।

प्रहरीको पत्रमा महतोले आफ्नो शरीरमा लागेको चोटपटक जाँच गराइपाऊँ भनी निवेदन दिएको उल्लेख गर्दै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १६ तथा दफा २२ को उपदफा २ सँग सम्बन्धित ढाँचामा घाउ जाँच गर्न भनिएको छ।

त्यसको भोलिपल्ट असोज ६ गते जिल्ला प्रहरी कार्यालय धनुषाको उजुरी तथा छानबिन शाखाले वडा प्रहरी कार्यालय रेल्वेलाई अर्को पत्र पठाउँदै घटनामा विपक्षी बनाइएका आदित्य कर्णलाई अनुसन्धानका क्रममा आवश्यक कुरा बुझ्न उपस्थित गराउन भनेको छ।

तर, परिवारका अनुसार दुर्घटनापछि कार चालक कर्णलाई प्रारम्भिक प्रक्रियापछि हाजिरी जमानीमा छाडिएको थियो।

अनुसन्धान र कानुनी प्रक्रिया अघि बढ्ने अपेक्षा गरे पनि आरोपित छुटेपछि घाइतेको उपचार तथा अवस्थाबारे आरोपित पक्षले चासो नदेखाएको परिवारको गुनासो छ । अस्पतालमा कैलाश उपचाररत रहँदा आरोपित पक्षबाट उपचार खर्चमा सहयोग नभएको तथा बिरामीको अवस्था बुझ्न वा हेरचाह गर्नसमेत नआएको परिवारले जनाएको छ । दुर्घटनापछि उपचार खर्च परिवारले आफ्नै स्रोतबाट व्यवस्थापन गर्नुपरेको उनीहरूको भनाइ छ । 'दुर्घटना भएपछि बुबा अस्पतालमा उपचार गराइरहनुभएको छ। तर, आरोपित पक्षले अहिलेसम्म उपचारमा कुनै सहयोग गरेको छैन । बिरामीको अवस्था बुझ्नसमेत आएको छैन,' घाइतेका छोरा विक्रमले भने । परिवारका अनुसार कैलाशको टाउकोमा चोट लागेकाले दुर्घटनापछि पनि उनलाई पटकपटक चक्कर आउने समस्या भइरहेको छ। टाउकोमा लागेको चोटका कारण नियमित स्वास्थ्य परीक्षण तथा उपचार आवश्यक रहेको परिवारको भनाइ छ।

टाउको, नाक, दाँतलगायत शरीरका विभिन्न भागमा चोट लागेका कैलाशलाई अस्पतालमा राखेर उपचार गराउनुपरेपछि परिवारमाथि आर्थिक भारसमेत थपिएको छ। आरोपित पक्षबाट उपचारमा सहयोग नपाउँदा खर्च जुटाउन समस्या भइरहेको पीडित परिवारको गुनासो छ । पीडित परिवारले दुर्घटनाको निष्पक्ष अनुसन्धान गरी कानुनी प्रक्रिया अघि बढाउन तथा घाइतेको उपचारमा आवश्यक सहयोग र क्षतिपूर्तिको व्यवस्था गर्न सम्बन्धित निकायसँग माग गरेको छ।

# भारी वर्षाको पूर्वानुमानपछि महोत्तरीमा उच्च सतर्कता,
# स्थानीय तहलाई उद्धारदेखि राहतसम्म तयारी राख्न निर्देशन



**मधेशदृष्टि**
**महोत्तरी।**
भारीदेखि अति भारी वर्षाको पूर्वानुमानसँगै महोत्तरीमा बाढी, डुबान तथा नदी कटानको जोखिमलाई मध्यनजर गर्दै स्थानीय तहहरूलाई उच्च सतर्कता अपनाउन निर्देशन दिइएको छ । जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लाका सबै स्थानीय तहलाई पत्राचार गर्दै सम्भावित विपद् प्रतिकार्यका लागि उद्धार टोली, राहत सामग्री तथा हेभी उपकरण तयारी अवस्थामा राख्न निर्देशन दिएको हो । जल तथा मौसम विज्ञान विभागको विशेष मौसमी बुलेटिनलाई आधार बनाउँदै प्रशासनले असोज ९ देखि ११ गतेसम्म देशका अधिकांश भू–भागमा मेघगर्जन र हावाहुरीसहित भारीदेखि अति भारी वर्षाको पूर्वानुमान रहेको जनाएको छ । यसको प्रभाव महोत्तरीमा समेत पर्न सक्ने भएकाले सम्भावित विपद् न्यूनीकरण तथा प्रतिकार्यका लागि तत्काल आवश्यक तयारी गर्न स्थानीय तहलाई आग्रह गरिएको हो।

वर्षाका कारण जिल्लाका रातु, राँके, बडहरी, जंघा, मरोहालगायत नदी तथा खोलामा पानीको बहाव आकस्मिक रूपमा बढ्न सक्ने प्रशासनले जनाएको छ। बहाव बढेसँगै नदी कटान तथा सहरी र ग्रामीण क्षेत्रमा डुबानको जोखिम रहने भएकाले जोखिमयुक्त बस्ती पहिचान गरी पूर्वतयारी गर्न स्थानीय तहलाई भनिएको छ।

प्रशासनले नदी, खोला तथा डुबानको जोखिममा रहेका तटीय र संवेदनशील बस्तीमा माइकिङमार्फत तत्काल सूचना प्रवाह गर्न निर्देशन दिएको छ । स्थानीय सञ्चारमाध्यममार्फत मौसम, बाढी तथा डुबानसम्बन्धी सूचना निरन्तर सम्प्रेषण गर्ने व्यवस्था मिलाउनसमेत भनिएको छ । सम्भावित उद्धारका लागि लाइफ ज्याकेट, लाइफ ब्वाय, डोरी, रबर बोट वा डुंगा, बन्चरो, स्ट्रेचर र टर्चलाइटलगायत खोज तथा उद्धार सामग्री दुरुस्त अवस्थामा राख्न निर्देशन दिइएको छ । सडक तथा बाटोघाटो अवरुद्ध भए तत्काल खुलाउन आवश्यक पर्ने जेसीबी, एक्साभेटर र लोडरलगायत हेभी उपकरणलाई चौबीसै घण्टा परिचालन गर्न सकिने गरी 'स्ट्यान्डबाइ' राख्नसमेत भनिएको छ । बाढी तथा डुबानबाट प्रभावित नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न स्थानीय तहले सम्भावित आश्रयस्थलसमेत पूर्वपहिचान गर्नुपर्नेछ । सामुदायिक भवन, विद्यालय तथा पक्की सार्वजनिक स्थललाई आवश्यकताअनुसार आश्रयस्थलका रूपमा प्रयोग गर्न सकिने गरी खानेपानी, सरसफाइ तथा विद्युत्को व्यवस्था मिलाउन प्रशासनले भनेको छ।

प्रभावित परिवारका लागि आवश्यक पर्ने चिउरा, दालमोठ, बिस्कुट, तयारी खाना, त्रिपाल र म्याट्रेसलगायत आकस्मिक राहत सामग्री अग्रिम रूपमा भण्डारण गर्नसमेत निर्देशन दिइएको छ।

सम्भावित विपद्पछि पानीजन्य तथा संक्रामक रोग फैलिन सक्ने अवस्थालाई मध्यनजर गर्दै स्थानीय तह मातहतका स्वास्थ्य संस्थालाई पनि तयारी अवस्थामा राख्न भनिएको छ । स्वास्थ्य संस्थामा आवश्यक औषधि, जीवनजल, एन्टिबायोटिक तथा स्वास्थ्यकर्मीको व्यवस्था मिलाउन प्रशासनले निर्देशन दिएको हो।

त्यसैगरी स्थानीय विपद् व्यवस्थापन समिति तथा वडास्तरीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाउँदै जनप्रतिनिधि, कर्मचारी, स्वयंसेवक तथा स्थानीय युवालाई समेटेर द्रुत प्रतिकार्य टोली गठन र परिचालन गर्न भनिएको छ । विपद्को समयमा सुरक्षा निकायसँग निरन्तर समन्वय कायम गर्न पनि प्रशासनले स्थानीय तहलाई निर्देशन दिएको छ। नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा नेपाली सेनासँग समन्वय गर्दै कुनै घटना भएमा वा जोखिमको अवस्था देखिएमा जिल्ला विपद् व्यवस्थापन समिति तथा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई तत्काल जानकारी गराउन भनिएको छ।

जिल्ला प्रशासन कार्यालयले सम्भावित विपद्को जोखिमलाई मध्यनजर गर्दै सुरक्षा निकायलाई समेत आवश्यक तयारी अवस्थामा राखेको जनाएको छ। सशस्त्र प्रहरीलाई उद्धार टोली तयारी अवस्थामा राख्न तथा नेपाल प्रहरीसँग आवश्यक समन्वय गर्न निर्देशन दिइएको प्रशासनले जनाएको छ । बंगालको खाडीमा विकसित न्यूनचापीय प्रणालीका कारण असोज ९ देखि ११ गतेसम्म भारी वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमानपछि महोत्तरी प्रशासनले विपद् आउनुअघि नै स्थानीय तहको स्रोतसाधन परिचालन तथा उद्धार र राहत संयन्त्रलाई तयारी अवस्थामा राख्न जोड दिएको हो।

## नक्कली शैक्षिक प्रमाणपत्र पेश गरि
# जागिर खानेविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**मधेशदृष्टि**
**रौतहट।**
नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी सरकारी सेवामा प्रवेश गरेको आरोपमा रौतहटका एक कर्मचारीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ । अख्तियारले रौतहटको माधव नारायण नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा सामाजिक परिचालक (सहायक स्तर पाँचौं) पदमा कार्यरत कृष्ण नन्दन प्रसाद यादवविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो।

अख्तियारका अनुसार यादवलेसामाजिक परिचालक पदमा नियुक्ति लिने क्रममा भारतको पटनास्थित बिहार इन्टरमिडिएट एजुकेसन काउन्सिलबाट जारी भएको देखिने आईए तहको झुट्टा तथा नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेको अनुसन्धानबाट खुलेको छ।

# प्रधानमन्त्री मंसिरको पहिलो साता भारत भ्रमणमा जाने

**मधेशदृष्टि**
**काठमाडौँ।**
प्रधानमन्त्री बालेन्द्र शाहले आगामी नोभेम्बरको तेस्रो साता अर्थात् मंसिरको पहिलो साता भारतको भ्रमण गर्ने भएका छन् । शाह प्रधानमन्त्री भएलगत्तै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उनलाई भारत भ्रमणको निम्ता पठाएका थिए । त्यसबेला प्रधानमन्त्री शाहले उपयुक्त समयमा आफूले भारत भ्रमण गर्ने जानकारी दिएका थिए। प्रधानमन्त्री बालेन तथा परराष्ट्रमन्त्री शिशिर खनाल अहिले संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन अमेरिकाको न्युयोर्कमा छन् ।



प्रधानमन्त्री र परराष्ट्रमन्त्री यो भ्रमण सकेर काठमाडौं फर्केलगत्तै भ्रमणको तयारी थालिने पनि स्रोतले जनायो । परराष्ट्रमन्त्री शिशिर खनाल र भारतीय विदेशमन्त्री एस जयशंकरबीच न्युयोर्कमा संयुक्त राष्ट्रसंघको महासभामा साइडलाइन वार्ता भएको थियो। सो वार्ताका क्रममा पनि प्रधानमन्त्रीको भारत भ्रमणका बारेमा छलफल भएको स्रोतले बतायो।

# नारायणगढ–मुग्लिन सडकखण्ड रातीमा बन्द

**मधेशदृष्टि**
**चितवन।**
नारायणगढ–मुग्लिन सडकखण्डमा बिहीबार रातिदेखि सवारी आवागमन बन्द गरिने भएको छ।

चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालका अनुसार बिहीबार राति ८ बजेदेखि भोलि बिहान ५ बजेसम्म नारायणगढ–मुग्लिन सडकखण्डमा सवारी साधन सञ्चालनमा रोक लगाइनेछ। सडकखण्डमा भइरहेको सडक तथा पहिरो



व्यवस्थापनसम्बन्धी कामलाई सहज बनाउन रातिको समयमा यातायात रोक्ने निर्णय गरिएको हो।

यसैगरी चितवनको पृथ्वी राजमार्ग क्षेत्रमा समेत सोही समयमा सवारी आवागमन रोक्ने निर्णय गरिएको प्रशासनले जनाएको छ। यात्रु तथा चालकलाई निर्धारित समयलाई ध्यानमा राखेर यात्रा व्यवस्थापन गर्न प्रशासनले आग्रह गरेको छ।

राति सडक बन्द हुने भएकाले काठमाडौं, पोखरा, नारायणगढलगायत गन्तव्यतर्फ जाने यात्रु तथा लामो दूरीका सवारी चालकले समयमै यात्रा योजना बनाउनुपर्ने देखिएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन